23/5/2024

National News

<u>प्रमुख समाचार</u>

- NDRF-द्वारा निकालियो उजानी जलाशयमा दुर्घटनाग्रस्त नाउबाट छहवटा शव
- आन्ध्र प्रदेशका मुख्य निर्वाचन अधिकारीले दिनुभयो मतगणनाका लागि कड़ा प्रबन्ध गर्ने निर्देश
- लोकसभा चुनाउका निम्ति छैटौं चरणको प्रचार पूरा
- प्रधानमन्त्रीको INDIA गठबन्धनका दलले आफ्नो परिवारलाई प्राथमिकता दिएको आरोप
- दिल्लीका मुख्यमन्त्रीको यसपल्टको चुनाउ आम मानिसको दैनिक जीवनलाई प्रभावित गर्ने मुद्दामाथि लडिँदै गरेको दावी

- <u>Maharashtra Accident</u>

राष्ट्रिय आपदा प्रतिक्रिया बलले आज महाराष्ट्रको सोलापुर जिल्लाको उजानी जलाशयमा दुर्घटनाग्रस्त नाउबाट सबै छहवटा शव निकालेको छ। यसमा तीन पुरुष, एक महिला र दुईजना नानीछन्। मंगलबार भएको दुर्घटनामा एकजना व्यक्ति पौड़िएर बाहिर आएका थिए। आपदा प्रतिक्रिया बलले विगत दुई दिनदेखि निखोजहरूको खोजी गरिरहेको थियो।

एउटा अन्य घटनामा अहमदनगर जिल्लामा प्रवरा नदीमा बचाउ अभियानअवधि राज्य आपदा प्रतिक्रिया बलका तीन कर्मीहरूको ज्यान गयो। यो अपरेशन अकोलामा दुईजना नानीहरू नदीमा डूबेको घटनापछि शुरू गरिएको थियो। नानीहरूको खोजी र बचाउका लागि पठाइएको दलले त्यस समय दुर्घटनाको सामना गर्नुपर्‍यो, जब उनीहरूको नाउ पल्ट्यो, जसपछि तीन कर्मी घाइते भए। अस्पताल पुर्‍याएपछि डाक्टरद्वारा उनीहरूलाई मृत घोषित गरियो।

---------------------------------------X---------------------------------------

- <u>AP CEO Counting</u>

आन्ध्र प्रदेशका मुख्य निर्वाचन अधिकारी श्री मुकेश कुमार मीनाले सबै जिल्लाका निर्वाचन अधिकारीहरूलाई चार जूनमा हुने मतगणनाका लागि कड़ा प्रबन्ध गर्ने निर्देश दिनुभएको छ। उहाँले आज राज्यका सबै जिल्लाका निर्वाचन अधिकारीहरूसित भिडियो सम्मेलनमा मतगणनाको तयारीको समीक्षा गर्नुभयो। यसअवधि श्री मीनाले भन्नुभयो,

सबै अग्रिम व्यवस्थाहरू योजनाबद्ध रूपमा गरियोस्, ताकि निर्वाचन आयोगको दिशानिर्देशअनुसार परिणाम शीघ्र घोषित गर्न सकियोस्।

--------------------------------------X--------------------------------------

- LS Election 6th Phase

लोकसभा चुनाउका निम्ति छैटौं चरणको प्रचार आज समाप्त भयो। यस चरणमा आठ राज्यिहरूका अन्ठाउनवटा निर्वाचन क्षेत्रमा शनिवार पच्चीस मईमा मतदान हुनेछ। यसमा बिहारका आठ, हरियाणाका सबै दस आशन, जम्मू-कश्मीरको एउटा, झारखण्डका चार, दिल्लीका सबै सात, ओडिसाका छह, उत्तर प्रदेशका 14 र पश्चिम बंगालका आठवटा आशन शामेल छन्। यी अन्ठाउनवटा लोकसभा आशनमा कुल आठ सय उननब्बेजना उम्मोदवार मैदानमा छन्। मतदान बिहान सातदेखि साँझ छह बजीसम्म हुनेछ।

--------------------------------------X--------------------------------------

- PM Haryana

प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आरोप लगाउनुभएको छ कि INDIA गठबन्धनका दलहरू देशलाई होइन, तर आफ्नो परिवारलाई प्राथमिकता दिँदछन्। हरियाणाको महेन्द्रगढ़मा चुनावी ऱ्यालीलाई सम्बोधन गर्दै श्री मोदीले दावी गर्नुभयो कि विपक्षी गठबन्धनले पहिलो पाँच चरणमा चुनाउ हारिसकेको कारण डेटा र EVM-माथि प्रश्न उठाउनका साथै विभिन्न आधारहीन आरोपको सहारा लिन शुरू गरेको छ। उहाँले कंग्रेस पार्टीको पनि आलोचना गर्दै पूर्व सैनिकहरूलाई दशकोंसम्म वान रेङ्क वान पेन्शनबाट वञ्चीत राखेकाे र धोखा दिएको आरोप लगाउनुभयो। श्री मोदीले भन्नुभयो, कंग्रेसको सरकारले यो योजना लागू गर्न एक दशमलौ दुई पाँच लाख करोड़ रूपियाँभन्दा अधिक खर्च गऱ्यो।

कंग्रेस नेता श्री राहुल गान्धीले हिजो महेन्द्रगढमा एउटा ऱ्यालीलाई सम्बोधन गर्दै भाजपामाथि अग्निवीर योजनाको आलोचना गर्नुभएको थियो।

यसैबीच प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, 2014-को लोकसभा चुनाउमा भ्रष्टाचार र 2019-मा लाभार्थीको मुद्दा प्रमुख थियो र यस वर्षको चुनाउमा मुख्य मुद्दा विकसित भारतको छ। एउटा अंग्रेजी समाचारपत्रसितको कुराकानीमा उहाँले भन्नुभयो, देशका जनताले यस लोकसभा चुनाउलाई महत्त्वपूर्ण मान्दछन्, किनभने यो चुनाउ देशको आकांक्षाको गतिबाट विकसित भारतको लक्ष्य प्राप्त गर्नका लागि हो। श्री मोदीले दावी गर्नुभयो कि यस वर्ष पनि राष्ट्रिय प्रजातान्त्रिक गठबन्धन (NDA)-लाई ती

मतदाताहरूको समर्थन प्राप्त हुनेछ, जसले विगतका दुईवटा लोकसभा चुनाउमा समर्थन दिएका थिए।

---------------------------------------X---------------------------------------

- PM Calcutta

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले तुष्टिकरणको राजनीतिका लागि पश्चिम बंगालमा ममता ब्यानर्जी नेतृत्वाधिन तृणमूल कंग्रेस सरकारको आलोचना गर्नुभएको छ। उहाँले 2010-पछि राज्यमा जारी सबै अन्य पछौटे वर्ग प्रमाणपत्र रद्द गर्ने सम्बन्धमा कलकत्ता उच्च न्यायालयको टिप्पणीको उल्लेख गर्दै राज्य सरकारमाथि प्रश्न उठाउनुभयो। श्री मोदीले दिल्लीमा एउटा चुनाउ सभामा भन्नुभयो कि सुश्री ब्यानर्जीमाथि संवि‍धानक‍ो उल्लंघन र कानूनलाई नभएर राजनीतिक लाभलाई प्राथमिकता दिएको आरोप लगाउनुभयो। प्रधानमन्त्रीले भन्नुभयो, OBC प्रमाणपत्रको मान्यता समाप्त गर्ने न्यायालयको आदेश ती पार्टीहरूका लागि एउटा ठूलो सबक हो, जसले भोट ब्याङ्कका लागि सबै हद पार गरिरहेछन्।

केन्द्रिय गृह मन्त्री तथा भाजपा वरिष्ठ नेता श्री अमित शाहले भन्नुभयो, सुश्री ममता ब्यानर्जी आफ्नो भोट ब्याङ्कको राजनीतिका लागि पछौटे वर्गको आरक्षण खोस्न चहानुहुन्छ।

कलकत्ता उच्च न्यायालयले हिजो 2010-पछि पश्चिम बंगालमा जारी सबै OBC प्रमाणपत्र रद्द गर्नका साथै राज्यमा तयार गरिएको OBC सूचीलाई अवैध घोषित गरेको थियो।

---------------------------------------X---------------------------------------

- Kejriwal BJP

आम आदमी पार्टीका संयोजक तथा दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवालले दावी गर्नुभएको छ कि यसपल्ट लोकसभा चुनाउ नरेन्द्र मोदी फेक्टरमा नभएर आम आदमीको दैनिक जीवनलाई प्रभावित गर्ने मुद्दामाथि लड़िँदैछ। यी मुद्दाहरूमा महंगाई र बेरोजगारी शामेल छन्। श्री केजरीवालले एउटा हिन्दी दैनिकसित कुराकानी गर्दै भन्नुभयो, भारतीय जनता पार्टीले विपक्षी नेताहरू विरूद्ध केन्द्रिय एजेन्सीहरूको दुरुपयोग गरिरहेछ। उहाँले आरोप लगाउनुभयो कि भाजपाले आरक्षण समाप्त गर्ने पनि कोशिश गरिरहेछ। मुख्यमन्त्रीले दिल्लीमा गाउँहरूको सफाई, निःशुल्क बिजुली र सरकारी विद्यालयहरूमा सुधारसहित आफ्नो सरकारका विभिन्न पहलमाथि चर्चा गर्नुभयो।

---------------------------------------X---------------------------------------

- <u>Ladhak</u>

लद्दाखमा सीमा सडक संगठन (BRO), करगिलको विजय परियोजनामा स्वदेशी रिजुपेव सडक निर्माण तक्निकको सफलतापूर्वक उपयोग गरिएको छ। विज्ञान तथा प्रौद्योगिकी मन्त्रालयअन्तर्गत वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद (CSIR) एवं केन्द्रिय सडक अनुसन्धान संस्थानद्वारा विकसित यस तक्निकको उपयोग गर्दै विश्वको दोस्रो सबैभन्दा जाड़ो स्थानमा द्रास-उम्बाला-शंकू सडकमा बिटुमिनस सडक निर्माण गरियो।

यस प्रौद्योगिकीको प्रयोग यसअघि सीमा सडक संगठनद्वारा अरूणाचल प्रदेशमा, चीनसित जोड़िएको सीमा नजिक अठार हजार फुटको ऊँचाईमा विश्वको सबैभन्दा अग्लो सेला सडक सुरङ्ग र LGG-दामतेङ-याङस्ते सडक खण्डमा गरिएको थियो।

--------------------------------------X--------------------------------------

- <u>IB Secretary</u>

सूचना एवं प्रसारण सचिव श्री सञ्जय जाजूले आज भन्नुभएको छ, एनीमेशन र दृष्य प्रभावमा युवाहरूलाई प्रशिक्षण दिन राष्ट्रिय उत्कृष्टता केन्द्रको स्थापना गरिनेछ। चेन्नइमा मिडियासितको कुराकानीमा उहाँले भन्नुभयो, तीन लाख करोडको फिल्म निर्माण उद्योगका लागि आधुनिक तक्निकमा पारंगत युवाहरूको आवश्यकता छ।

--------------------------------------X--------------------------------------

- <u>Buddha Purnima</u>

भगवान बुद्धको जयन्ती बुद्ध पूर्णिमा आज देशभरि पालन गरियो।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु तथा उपराष्ट्रपति श्री जगदीप धनखड़ले यस अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ।

राष्ट्रपति श्रीमती मुर्मुले भन्नुभएको छ, भगवान बुद्धले सत्य, अहिंसा, सद्भाव र मानवता तथा सबै प्राणीप्रति प्रेमको सन्देश दिनुभएको छ। उहाँले भन्नुभयो, भगवान बुद्धको सहिष्णुता, आत्म-स्मरण तथा सदाचरणको शिक्षा सबैका लागि प्रेरणाको विषय हो।

उपराष्ट्रपति श्री जगदीप धनखड़ले आफ्नो सन्देशमा भन्नुभएको छ, भगवान बुद्धको शिक्षाले नैतिक आचरण, मानसिक अनुशासन र प्रज्ञावान जीवनको मार्ग प्रशस्त गर्दछ।

भारत, नेपाल, भूटान, म्यान्मार, थाइलेन्ड, तिब्बत, कोरिया, लाओस, वियतनाम, मंगोलिया, कंबोडिया, सिंगापुर, इंडोनेशिया र श्रीलंकामा यो प्रमुख पर्व हो।

संयुक्त अरब अमीरातमा पनि बौद्ध अनुयायीले श्रद्धा र उल्लारसका साथ बुद्ध पूर्णिमा पालन गरे।

- Sikkim Saga Dawa

सिक्किममा आज सागा दावा पालन गरियो। यस पर्वको आयोजना प्रतिवर्ष उत्तरी बौद्ध पंचाङ्गको चौथो महिनाको पन्द्रौं दिन गरिन्छ। सागा दावा पर्व बुद्ध शाक्य मुनिको जन्म, सम्बोधी र महापरिनिर्वाणको उपलक्ष्यमा पालन गरिन्छ।

सिक्किमका राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्य तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सागा दावाको अवसरमा राज्यवासीलाई शुभकामना दिनुभएको छ।

---------------------------------------X---------------------------------------

- Delhi BJP Water

भाजपाले दिल्लीकी मन्त्री श्रीमती आतिशी मार्लेनाद्वारा राजधानीमा पानीको समस्यामाथि हरियाणा सरकारको आलोचना गरिएकोमा कड़ा प्रतिक्रिया व्यक्त गरेको छ। पार्टीका दिल्ली एकाई अध्यक्ष श्री वीरेन्द्र सचदेवाले मन्त्रीको त्यो आरोप खारेज गर्नुभएको छ, जसमा उहाँले हरियाणा सरकारमाथि जानीजानी दिल्लीको भागको पानी रोकेको आरोप लगाउनुभएको थियो। उहाँले आरोप लगाउनुभयो कि राजधानीमा यस भीषण गर्मीमा पानीको समस्याका लागि दिल्ली सरकार जिम्मेवार छ। श्री सचदेवाले भन्नुभएको छ, प्रत्येक वर्ष, मुख्यमन्त्रीको सिधा निगरानीमा सरकारले गर्मी अवधि जल संकट र उपलब्धताको सामना गर्न ग्रीष्मकालीन कार्य योजना तयार गर्न बैठक आयोजन गर्दछ।

---------------------------------------X---------------------------------------